जोशीपुर गाउँपालिका

# गाउँ कार्यापालिकाको कार्यालय

जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं :- प.रो. २०७५/०७६ ०।८
च.न. :- १५४८

मिति :- २०७६/०१/१०

बिषय :- विवरण उपलब्ध गराउने बारे ।

श्री जोशीपुर गाउँपालिका,
१-६ नं. वडा कार्यालय,
जोशीपुर, कैलाली ।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस कार्यालयबाट मिति २०७५।१२।१३ को पत्रबमोजिम त्यस वडा कार्यालयमा संकलन गरेका हाल सम्मका रोजगार फारमको विवरण तपसिल बमोजिमको ढाँचामा २०७६।०१।११ गते भित्र यस कार्यालयको रोजगार सेवा केन्द्रमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । साथै न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने म्याद बैशाख मसान्त सम्म थप गरिएको सूचनाको आधारमा वडाबासीहरुलाई सूचना सम्प्रेषण गराई वडा कार्यालयमा समेत सूचना टाँस गरी दर्ता हुन आएका निवेदन बुझि सो को अभिलेख समेत राखि २०७६ बैशाख मसान्त पश्चात् यस जोशीपुर गाउँ कार्यापलिकाको कार्यालय, जोशीपुर, कैलालीमा रहेको रोजगार सेवा केन्द्रमा पठाई सहयोग गरि दिनुहुन अनुरोध गर्दछु ।

तपसिल :-

| वडा नं. | प्राप्त भएका निवेदन संख्या | कैफियत |
|---|---|---|
| १ | | |
| | | |

बोधार्थ :- सूचना प्रविधि शाखा :- यो सूचना वेवसाईटमा राखिदिनुहुन ।

२०७६।०१।१०
नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

### न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने म्याद थप गरिएको सूचना

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६।७७ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने म्याद २०७६ साल वैशाख मसान्तसम्मका लागि थप गरिएको हुँदा ईच्छुक बेरोजगार व्यक्तिहरुले आफू स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुहनु यो सूचना प्रकाशित गरिएको छ ।